**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**सिंहदरबार, काठमाडौं**
**(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)**

पत्र सं.: २०८३/०८४
चलानी नं ४५

मिति:२०८३/०४/१९
ने.सं. ११४६

श्री गाउपालिका सबै,
श्री नगरपालिका सबै ।

विषय:जातीय भेदभाव र छुवाछुत विरुद्ध अभियान सञ्चालन गर्ने सम्वन्धमा ।

प्रस्तुत विषयमा महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयको प.सं. २०८३/८४ च.नं.०३ मिति २०८३/०४/११को पत्र मार्फत लैङ्गिक विभेद एवम हिंसा जातीय भेदभाव तथा ५वाछुत र सामाजिक बहिष्करण लगायतका विषयहरुमा गुनासोरहित हुने गरी सम्वोधन गर्न अभियानमुलक कार्यक्रम सञ्चालन गर्न सबै स्थानीय तहलाई अनुरोध गर्ने भनी लेखि आएकोले पत्रको छायाँप्रति यसैसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

बोधार्थ:
श्री महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।
श्री सूचना प्रविधि शाखा:वेवसाईटमा अपलोड गरिदिनुहुन ।

२०८३/४/१९
प्रकाश पन्थी
शाखा अधिकृत

सिंहदरबार, काठमाण्डौं फोन नं.- ४२००३०४
ईमेल:- cmmofald@gmail.com/ local.level.coordination@mofaga.gov.np

नेपाल सरकार

महिला, बालबालिका,लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय

महिला विकास तथा लैङ्गिक मूलप्रवाहिकरण शाखा

फोन नं. ४२००९६४

पत्र संख्या :- २०८३/०८४

च.नं. :- ०२

मितिः २०८३/०४/११

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

विषयः- आवश्यक सहजीकरण सम्बन्धमा।

यस मन्त्रालयमा प्राप्त हुने अधिकांश उजुरी तथा गुनासाहरू लैङ्गिक हिंसा, जातीय भेदभाव, छुवाछुत, विभेद र सामाजिक बहिष्करण जस्ता सामाजिक न्यायका सवालहरुसँग सम्बन्धित हुने गरेका छन्।यस्ता प्रकृतिका उजुरी तथा गुनासाहरू संवेदनशील, बहुआयामिक, कानुनी तथा प्रशासनिक पक्षसँग अन्तरसम्बन्धित हुने भएकाले तिनको प्रभावकारी सम्बोधन, सेवा प्रवाहमा भेदभावरहित वातावरणको सुनिश्चितता, कानुनी तथा नीतिगत सुधार र आवश्यक समन्वय तथा सहकार्य गर्नुपर्ने हुन्छ।

अतः लैंगिक विभेद एवम् हिंसा, जातीय भेदभाव तथा छुवाछुत र सामाजिक बहिष्करण लगायतका विषयहरुमा भविष्यमा गुनासोरहित हुनेगरी सम्बोधन गर्न आवश्यक भएकोले सबै स्थानीय तहहरुमा **भेदभाव र छुवाछुत विरुद्ध (वडास्तरमा समेत) विशेष कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक पहल गर्ने र** जातीय भेदभाव र छुवाछुत विरुद्ध अभियान सञ्चालन गर्न परिपत्र गर्नका लागि अनुरोध गरी पठाउने मिति २०८३/०४/०८ को नेपाल सरकार, माननीय मन्त्रिस्तरीय निर्णयानुसार अनुरोध छ।

रञ्जना पोखरेल
महिला विकास अधिकृत

सादर अवगतार्थः-
मा. मन्त्रिज्यूको सचिवालय,
महिला,बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रालय।

Email: wdgms.mowcsc@gmail.com